# भाग २

श्री ५ को सरकार

## कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको एक्काईसौं वर्षमा संसदले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ।

२०४९ सालको ऐन नं २७

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध बिरूदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

## नगर विकास ऐन, २०४५ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावना : नगर विकास ऐन, २०४५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको एक्काइसौं वर्षमा संसदले यो ऐन बनाएकोछ।



५७४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "नगर विकास (दोस्रो संशोधन) ऐन, २०४९" रहेकोछ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. नगर विकास ऐन, २०४५ को दफा ३ मा संशोधनः नगर विकास ऐन, २०४५ (यसपछि "मूल ऐन" भनिएको) को दफा ३ को उपदफा ३.३ को सट्टा देहायको उपदफा ३.३ राखिएकोछ :-

"३.३ श्री ५ को सरकारले स्वीकृत गरेको नगर योजनाको विस्तृत विवरण सहितको सूचना त्यस्तो योजना लागू हुने मिति समेत तोकि सो मिति भन्दा कम्तिमा तीन महीना अगाडि सर्वसाधारणको जानकारीको लागि नेपाल राजपत्रमा प्रकाशित गर्नु पर्नेछ।"

३. मूल ऐनको दफा ८ मा संशोधन : मूल ऐनको दफा ८ को उपदफा ८.१ को शुरुमा "नगर योजना तर्जुमा सम्बन्धी कामको लागि" भन्ने वाक्यांश थपिएकोछ।

४. मूल ऐनको दफा १० मा संशोधन : मूल ऐनको दफा १० को:-

(१) उपदफा १०.४ मा रहेको "सम्बन्धित व्यक्तिबाट असूल उपर गरिनेछ" भन्ने वाक्यांशको सट्टा "सम्बन्धित व्यक्तिबाट सरकारी बाँकी सरह असूल उपर गरिनेछ" भन्ने वाक्यांश राखिएकोछ।



५९५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा १०.४ पछि देहायको उपदफा १०.५ थपिएकोछ :-

"१०.५ उपदफा १०.४ बमोजिम समिति आफैले कुनै निर्माणको भाग भत्काउँदा वा हटाउँदा गाउं विकास समिति वा नगरपालिकाका सम्बन्धित वडाका सदस्यको रोहवरमा भत्काउनु वा हटाउनु पर्नेछ। यसरी भत्काउँदा वा हटाउँदा भरमग्दुर प्रयास गर्दा गर्दै पनि भत्काउनु वा हटाउनु पर्ने भाग भन्दा बढी भाग भत्किन गएमा समिति जवाफदेही हुने छैन र त्यसरी बढी भाग भत्किन गई हानी पुग्न गए बापत सम्बन्धित व्यक्तिले हानीपूर्ति माग गर्न पाउने छैन।"

५. <u>मूल ऐनको दफा १२ मा संशोधन</u> : मूल ऐनको दफा १२ को उपदफा १२.१ पछि देहायको उपदफा १२.२, १२.३ र १२.४ थपिएका छन्:-

"१२.२ निर्देशित जग्गा विकास कार्यक्रम लागू गर्ने क्रममा बाटो निर्माण गर्दा त्यस्तो जग्गाको मुखमा कुनै व्यक्तिको जग्गा पर्ने रहेछ र त्यस्तो व्यक्तिले सो जग्गा छोड्न नमानी सो बाटो खुलाउने अरू कुनै उपाय नभएमा त्यस्तो जग्गा



४९५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

दफा १६ बमोजिम प्राप्त गरिनेछ। त्यसरी जग्गा प्राप्त गर्दा दिनु पर्ने क्षतीपूर्तिको रकम मध्ये पचास प्रतिशत रकम समितिले र बाँकी पचास प्रतिशत रकम जग्गा विकास कार्यक्रम लागू गरिदा लाभान्वित हुने व्यक्तिहरुले व्यहोर्नु पर्नेछ।

१२.३ निर्देशित जग्गा विकास कार्यक्रम सञ्चालन गर्ने समितिले स्थानीय जग्गा धनी तथा मोहीहरुको सहभागिता जुटाउन उपभोक्ता समिति गठन गर्न सक्नेछ र समितिको कार्यक्रम सञ्चालनमा सहयोग पु-याउनु त्यस्तो उपभोक्ता समितिको कर्तव्य हुनेछ।

१२.४ समितिले निर्देशित जग्गा विकास कार्यक्रम लागू नगरेको ठाउँमा चार किल्ला खोली निर्देशित जग्गा विकास कार्यक्रम लागू गराई पाउँ भनी जग्गा धनी र मोहीहरुले समितिमा निवेदन दिएमा समितिले कम्तीमा पचास परिवार बसोबास हुन सक्ने देखेमा निर्देशित जग्गा विकास कार्यक्रम लागू गर्न सक्नेछ। यसरी निर्देशित जग्गा विकास कार्यक्रम लागू गर्दा कुनै जग्गा प्राप्त गर्नु पर्ने अवस्था परेमा त्यसरी



296

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्राप्त गरिने जग्गाको क्षतीपूर्तिको सम्पूर्ण रकम त्यस्तो कार्यक्रम लागू गरिदा लाभान्वित हुने स्थानीय जनताले व्यहोर्नु पर्नेछ।

६. मूल ऐनमा दफा १२क.थप : मूल ऐनको दफा १२ पछि देहायको दफा १२क थपिएकोछ :-

"१२क. योजना स्वीकृत गराउनु पर्नेः यस ऐन बमोजिम नगर योजना लागू भएको क्षेत्रमा कसैले बसोबास, बस्ती विकास, बजार विकास जस्ता भौतिक विकास सम्बन्धी योजना बनाउँदा समितिबाट त्यस्तो योजना स्वीकृत गराउनु पर्नेछ।"

७. मूल ऐनको दफा १८. मा संशोधन : मूल ऐनको दफा १८ को:-

(१) उपदफा १८.१ मा रहेका "पचास हजार रुपैयाँसम्म जरिवाना" भन्ने शब्दहरूको सट्टा "एक लाख रुपैयाँसम्म जरिवाना वा एकवर्ष सम्म कैद वा दुबै सजाय" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपदफा १८.२ मा रहेका "पाँच हजार रुपैयाँ सम्म जरिवाना" भन्ने शब्दहरूको सट्टा "पच्चीस हजार रुपैयाँसम्म जरिवाना वा ६ महीनासम्म कैद वा दुबै सजाय" भन्ने शब्दहरू राखिएका छन्।



५१८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) उपदफा १८.४ पछि देहायको उपदफा १८.५ थपिएकोछ :-

"१८.५ उपदफा १८.१ वा १८.२ बमोजिम समितिले कैदको सजाय गर्दा दफा २० बमोजिमको पुनरावेदन समितिमा साधक जाहेर गरी सदर भएपछि मात्र कार्यान्वयन गर्नु पर्नेछ।"

लालमोहर सदर मिति २०४९।७।१३।५

आज्ञाले,
बलरामसिंह मल्ल
श्री ५ को सरकारको सचिव

५१६



मुद्रकः– मुद्रण विभाग, सिंहदरवार, काठमाडौं ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

मुद्रण विभाग, सिंहदरबार

420

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।